# सर्वोच्च अदालतबाट जारी भएको

## सूचना

विश्वभर महामारीका रूपमा फैलिएको कोरोना भाइरस (कोभिड -१९) को संक्रमणबाट हुनसक्ने जोखिम र स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी यस अदालतको पूर्ण बैठकको मिति २०७६।१२।०७ तथा त्यसपछि विभिन्न मितिमा भएका निर्णय एवं सूचनाहरू बमोजिम कामकारवाहीमा संकुचन तथा विस्तार सहितको सेवा प्रवाह हुँदै आएको बेहोरा सबैमा विदितै छ।

लामो समयदेखिको बन्दाबन्दी, निषेधाज्ञा लगायतका आदेशहरु जारी भएता पनि कोरोनाको संक्रमणको अन्त्य हुने निश्चितता नभएको र अदालतबाट प्रवाह हुने सेवामा संकुचन ल्याइएको लामो समय भइसकेको सन्दर्भमा मिति २०७७।०५।२३ मा नेपाल बार एशोसिएशन तथा सर्वोच्च अदालत बार एशोसिएशनका अध्यक्ष एवं अन्य पदाधिकारीहरूसमेतसँग सेवा प्रवाहमा पुनर्विचार गर्ने सम्बन्धमा छलफलसमेत भएको अवस्था छ।यस प्रकारको छलफल समेतबाट अदालतमा कार्यरत जनशक्ति, कानून व्यवसायी, सेवाग्राहीसमेतको भिडभाड नहुने गरी संक्रमणको जोखिम न्यूनिकरण गर्न निर्धारित स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको पालना गर्दै देहाय बमोजिम सेवा प्रवाहको व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः-

१. मिति २०७७।०५।२८ गते देखि यस अदालतमा सबै प्रकृतिका रिट निवेदन/ पुनरावेदन/निवेदनको दर्ता, रिट निवेदन तथा अन्य निवेदनहरूको प्रारम्भिक सुनुवाई, अन्तरिम आदेश सम्बन्धी छलफल, थुनुवा तथा नेपाल सरकारका तर्फबाट पर्न आएका पुनरावेदनको सुनुवाई, मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन तथा मुलुकी फौजदारी (कार्यविधि) संहिता, २०७४ को दफा ७३ नं. अन्तर्गत परेका निवेदन/प्रतिवेदनको सुनुवाई, मुद्दा फिर्ता तथा मिलापत्र सम्बन्धी काम कारवाही र सुनुवाई हुने।

२. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/३/२३ को निर्णयबाट काठमाण्डौं उपत्यकाभित्र सार्वजनिक यातायात २०७७/४/८ बाट सञ्चालन भएकोमा २०७७/५/४ बाट उपत्यकाका तीनवटै जिल्लामा निषेध आदेश जारी भई २०७७/५/२५ बाट निषेध आदेश खुकुलो भई जोर विजोर प्रणालीमा सार्वजनिक यातायातका साधन सञ्चालन हुने भएकोले यस अदालतमा हदम्याद, म्याद, तारिखमा उपस्थित हुनुपर्ने अवस्थाका काठमाण्डौं उपत्यकाभित्रका सेवाग्राहीहरु २०७७/५/२५ देखि बाटाका म्याद बाहेक तीस दिनभित्र उपस्थित हुने।

३. अन्तरजिल्ला (काठमाडौं उपत्यकाबाहेक) सार्वजनिक यातायातको साधन तथा अन्तराष्ट्रिय हवाई उडान सञ्चालन हुने निर्णय भई सेवा सञ्चालनमा आएपछि सोही मितिबाट अदालतमा हदम्याद, म्याद, तारिखमा उपस्थित हुनुपर्ने अवस्थाका सेवाग्राहीले बाटाका म्यादबाहेक तीस दिनभित्र उपस्थित हुने।

मितिः २०७७।०५।२५

२०७७।५।२५

देवेन्द्र ढकाल

उपरजिस्ट्रार